प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कोशी प्रदेश, नेपाल

# स्टार्टअप उद्यम बिउँपूजी परिचालन कार्यविधि, २०८२

प्रस्तावनाः नविनतम ज्ञान, सोच, सीप र क्षमता भएको उद्यमीलाई स्टार्टअप उद्यममा संलग्न हुन प्रोत्साहन गर्नका लागि बिउँपूजी उपलब्ध गराउने सम्बन्धी कार्य सरल, स्पष्ट र पारदर्शी बनाउन वाञ्छनीय भएकोले, प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७७ को दफा ६९ र कोशी प्रदेश विनियोजन ऐन २०८२ को दफा ११ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले यो कार्यविधि बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "स्टार्टअप उद्यम बिउँपूजी परिचालन कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो कार्यविधिमा-

(क) "कार्यविधि" भन्नाले स्टार्टअप उद्यम बिउपूँजी परिचालन कार्यविधि, २०८२ सम्झनुपर्छ ।

(ख) "कार्यालय" भन्नाले जिल्लास्थित घरेलु तथा साना उद्योग कार्यालय सम्झनु पर्छ ।

(ग) "मन्त्रालय" भन्नाले उद्योग, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्छ।

(घ) "बिउपूँजी" भन्नाले मन्त्रालयले स्टार्टअप उद्यमलाई दफा ५ बमोजिम उपलब्ध गराएको बिउपूँजी सम्झनुपर्छ।

(ङ) "बैंक" भन्नाले प्रचलित कानून बमोजिम नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त बैंक सम्झनु पर्छ।

(च) "स्टार्टअप उद्यम" भन्नाले प्रदेश औद्योगिक व्यवसाय ऐन २०७७ को दफा ४ क बमोजिमको स्टार्टअप उद्यमलाई सम्झनु पर्छ।

(छ) "समिति" भन्नाले कार्यबिधिको दफा ७ बमोजिमको प्रस्ताव मूल्याङ्कन तथा सिफारिस समिति सम्झनु पर्छ।

३.स्टार्टअप उद्यमको क्षेत्रः(१) स्टार्टअप उद्यमको क्षेत्र अनुसूची -१ बमोजिम हुनेछ ।

(२) यस कार्यविधि बमोजिम बिउपूँजी परिचालन गर्दा उपदफा (१) बमोजिमको क्षेत्रमा बिउपूँजी परिचालन गरिनेछ ।

४. स्टार्टअप उद्यमको योग्यताः (१)यस कार्यविधि बमोजिम बिउपँजी प्राप्त गर्न देहाय बमोजिमका योग्यता पुरा गरेका उद्यम योग्य हुनेछन ।

प्रदेश सचिव

मा. इस्राईल मन्सुरी
मन्त्री

(क) प्राईभेट फर्म, साझेदारी फर्म, कम्पनी वा सहकारी संस्था उद्योगको रुपमा सम्बन्धित उद्योग दर्ता गर्ने निकायमा दर्ता भएको,

(ख) वस्तु वा सेवाको उत्पादनमा नवीन एवम् सिर्जनशील सोच र प्रविधिको उपयोग गरी उद्यम व्यवसायको रुपमा रुपान्तरण मार्फत उच्च बृद्धिको सम्भावना भएको

(ग) प्रबिधिको अवलम्बन भएको

(घ) उद्यम व्यवसाय दर्ता भएको मितिले दश वर्ष ननाघेको

(ङ) दर्ता पछिको कुनै पनि आर्थिक वर्षमा बार्षिक कारोबार पन्द्र करोड रुपैया ननाघेको

(च) सञ्चालित उद्यम व्यवसाय नगाभिई वा नटुक्रिई नयाँ उद्यम व्यवसाय गरेको

(छ) रितपूर्वक भरेको अनुसूची ३ बमोजिमको परियोजना फाराम तथा दफा ८ बमोजिम संलग्न गर्नुपर्ने कागजात पेश गरेको ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस मापदण्ड बमोजिम बिउपूँजी प्रदान गर्ने प्रयोजनका लागि देहायका उद्यमलाई स्टार्टअप उद्यम मानिने छैन ।

(क) प्रचलित कानून बमोजिम उद्योगको रुपमा दर्ता नभएको

(ख) वस्तु वा सेवा विदेशबाट आयात गरी बिक्री बितरण गर्ने गरेको

(ग) प्रचलित कानून बमोजिम कालो सुचीमा परेको

(घ) दफा ६ बमोजिम प्रकाशित सूचनाको मिति भन्दा पछि दर्ता भएको ।

(ङ) प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७७ बमोजिम होल्डिङ तथा लगानी कम्पनीको रुपमा दर्ता भएको ।

५. **बिउपूँजीको अधिकतम सीमा** (१) मन्त्रालयले आफ्नो स्वीकृत वार्षिक कार्यक्रममा उपलब्ध बजेटको सीमा भित्र रही स्टार्टअप उद्यमलाई बढीमा दश लाख रूपैयाँ भन्दा नबढ्ने गरी बिउँपूजी रकम उपलब्ध गराउनेछ।

(२) स्वीकृत बिउँपूजी रकम उद्यमीलाई देहाय बमोजिम दुई किस्तामा उपलब्ध गराईनेछ ।

(क) ब्यवसायिक योजना बमोजिम सम्झौता भए पश्चात स्वीकृत बिउपूँजी रकमको बिस प्रतिशत,

(ख) ब्यवसायिक योजना बमोजिम कार्य सम्पन्न भए पछि स्वीकृत बिउपूँजीको बाँकी रकम।

(३) उपदफा (२) बमोजिम उद्यमीले बिउपूँजी प्राप्त गर्न मन्त्रालयले तोकेको बैंकमा उद्योगको नाममा खाता खोलेको हुनुपर्नेछ।

प्रदेश सचिव

मा. इस्राईल मन्सुरी
मन्त्री

६. सूचना आह्वानः (१) मन्त्रालयले यस कार्यविधि बमोजिम बिउँपूजी प्राप्त गर्न चाहने उद्यमलाई कम्तिमा एक्काईस दिनको समयावधि दिई राष्ट्रियस्तरको दैनिक पत्रिका र मन्त्रालयको बेबसाईटमा अनुसूची-२ बमोजिमको ढाँचामा सूचना प्रकाशन गर्नु पर्नेछ।

(२) बिउपूँजी प्राप्त गर्न चाहने उद्यमीहरूले उपदफा (१) बमोजिम प्रकाशित सूचनामा तोकिएको अवधिभित्र अनुसूची-३ को ढाँचामा मन्त्रालय वा जिल्ला स्थित घरेलु तथा साना उद्योग कार्यालयमा प्रस्ताव पेश गर्नु पर्नेछ।

(३) जिल्ला स्थित घरेलु तथा साना उद्योग कार्यालयमा पेश भएका प्रस्तावहरु पेश गर्ने म्याद सकिएको मितिले ७ दिन भित्र कार्यालयले मन्त्रालयमा बुझाई सक्नु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम प्रस्ताव पेश गर्दा स्टार्टअप उद्यमीले अन्य कुनै सरकारी निकायबाट बिउपूँजी रकम नलिएको स्वःघोषणा गर्नु पर्नेछ।

(५) उपदफा (२) बमोजिमको प्रस्ताव र उपदफा (४) बमोजिको स्वःघोषणाको विवरण सत्य नरहेको भनी पुष्टि भएमा प्राप्त बिउपूँजी रकम जुनसुकै बखत रद्द हुनेछ।

७.प्रस्ताव मूल्यांकन तथा सिफारिस समितिः(१) स्टार्टअप उद्यमलाई बिउँपूजी परिचालन गर्न पेश भएका प्रस्तावहरुको मूल्यांकन गरी सिफारिस गर्न मन्त्रालयमा देहाय बमोजिमको एक प्रस्ताव मूल्याङ्कन तथा सिफारिस समिति गठन गरिनेछः

| | | |
|---|---|---|
| (क) | उद्योग विषय हेर्ने महाशाखा प्रमुख, मन्त्रालय | संयोजक |
| (ख) | आर्थिक प्रशासन शाखा प्रमुख, मन्त्रालय | सदस्य |
| (ग) | कानून अधिकृत, मन्त्रालय | सदस्य |
| (घ) | शाखा अधिकृत , प्रशासन शाखा | सदस्य |
| (ङ) | शाखा अधिकृत, उद्योग शाखा हेर्ने | सदस्य सचिव |

(२) समितिले एक जना बाह्य सम्बन्धित विषय विज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

(३) समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) प्रस्ताव मूल्याङ्कन समितिले कानून बमोजिम बैठक भत्ता पाउनेछन । यस्तो बैठक भत्ता रकम र स्टार्टअप उद्यम अनुगमन खर्च यसै कार्यक्रमबाट व्यहोरिने छ ।

(५) प्रस्ताव मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) दफा ६ को उपदफा (२) बमोजिम प्राप्त भएका प्रस्तावहरूको मूल्यांकन गरी मन्त्रालयमा पेश गर्ने ।

प्रदेश सचिव

मा. इस्माईल मन्सुरी
मन्त्री

(ख) प्रस्ताब मूल्याकंन गर्दा समितिले मूल्यांकनलाई थप प्रभावकारी वनाउन मूल्याकंनका आधारहरुलाई थप सरलीकरण/बर्गिकृत गर्न सक्नेछ ।

(ग) प्रस्ताब मूल्याङ्कन तथा छनौट सम्बन्धी अन्य कार्यहरु गर्ने ।

**८. प्रस्ताब साथ संलग्न गर्नुपर्ने कागजात: प्रस्ताबकले प्रस्ताबका साथमा देहायका कागजातहरु संलग्न गर्नु पर्नेछ ।**

(क) उद्योगको दर्ता र नवीकरण प्रमाणपत्रको प्रतिलिपि,

(ख) स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि र अघिल्लो आर्थिक वर्षको करचुक्ता प्रमाणपत्रको प्रतिलिपि

(ग) अघिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन,

(घ) फर्म, कम्पनी वा उद्योगको आधिकारिक प्रतिनिधिको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ङ) कर्मचारी/कामदारको अघिल्लो आर्थिक वर्षको वार्षिक तलवी विवरण,

(च) सूचना प्रविधि तथा नवप्रवर्तनको प्रयोग भएको पुष्टयाईं सहितको स्वःघोषणा

(छ) उद्योग कालो सूचीमा नपरेको, उद्योगले यस अघि सरकारी निकायबाट अनुदान नलिएको स्वघोषणा ।

९. **प्रस्ताव मूल्याङ्कनका आधारः** (१) मूल्याङ्कन समितिले प्राप्त भएका प्रस्तावको मूल्याङ्कन गर्दा अनुसूची-४ मा उल्लेखित विषय वस्तु र अंकको आधारमा गर्नु पर्नेछ।

(२) उपदफा (१) वमोजिम प्रस्तावको मूल्याङ्कन गर्दा प्रस्ताव मूल्याङ्कन समितिले परियोजना प्रस्तावसँग सम्बन्धित थप विवरण माग गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम प्रस्तावको मूल्याङ्कन गर्दा प्रस्ताव मूल्याङ्कन समितिलाई कुनै द्विविधा उत्पन्न भएमा प्रचलित कानून तथा यस मापदण्डको प्रतिकूल नहुने गरी प्रस्ताव मूल्याङ्कन समितिले आवश्यक निर्णय गर्न सक्नेछ।

**प्रदेश सचिव**

मा. इस्माईल गन्सुरी
मन्त्री

१०. प्रस्ताव मूल्याङ्कन प्रक्रिया, छनौट र सिफारिसः (१) प्रस्ताव मूल्याङ्कन समितिले दफा ७ बमोजिम प्रस्ताव मूल्याङ्कन गर्दा देहाय बमोजिमको प्रक्रिया पूरा गर्नु पर्नेछ।

(क) दर्ता हुन आएका प्रस्ताव र प्रस्तावकको सूची प्रकाशित गर्ने,

(ख) योग्य प्रस्तावकको प्रारम्भिक सूची तयार गर्ने,

(ग) प्रारम्भिक सूचीमा छनोट भएका प्रस्तावकको व्यावसायिक योजना प्रस्तुतीकरणको समय तालिका प्रकाशित गर्ने,

(घ) व्यावसायिक योजनाको प्रस्तुतीकरण गर्न लगाई दफा ७ बमोजिम मूल्याङ्कन गरी प्राथमिकताको आधारमा योग्यताक्रमको सूची तयार गर्ने।

(२) उपदफा (१) बमोजिमको मूल्याङ्कनको आधार लिई कम्तिमा पचास प्रतिशत भन्दा बढी अङ्क प्राप्त गर्ने प्रस्तावलाई मूल्याङ्कन समितिले सिफारिस सहित अन्तिम योग्यताक्रमको सूची प्रकाशन गर्नेछ।

११. सम्झौताः यस कार्यविधि बमोजिम बिउपूँजी परिचालन गर्दा दफा १० बमोजिम सिफारिस भएका प्रस्तावसँग अनुसूची ५ बमोजिम सम्झौता गर्नु पर्नेछ ।

१२. बिउ पूँजी फिर्ता अबधि र सेवा शुल्क सम्बन्धी ब्यवस्थाः (१) मन्त्रालयले स्टार्टअप उद्यमहरुलाई उपलब्ध गराउने बिउ पूँजिको फिर्ता अवधि बिउँपूजी रकम प्राप्त गरेको दुई वर्ष देखि बढीमा पाँच वर्ष सम्मको हुनेछ।

(२) मन्त्रालयले बिउ पूँजी लगानीमा कुनै सेवा शुल्क लिने छैन।

(३) स्टार्टअप उद्यमीहरुले उपदफा (१) बमोजिमको समयावधिभित्र आफुले प्राप्त गरेको बिउँपूजी रकम फिर्ता नगरेमा सरकारी बाँकी सरह असुल उपर गर्न बाधा पुग्ने छैन।

(४) उपदफा (१) बमोजिम बिउँपूजी फिर्ता गर्दा उद्यमीले मन्त्रालयले तोकेको प्रदेश सरकारको सञ्चित कोषमा जम्मा गरेको भौचरको निस्सा मन्त्रालयमा पेश गर्नु पर्नेछ।

१३. सुरक्षण र भुक्तानीः (१) बिउँपूजी उपलब्ध गराउँदा सो रकम बराबरको बिउ पूँजी फिर्ता गर्ने अवधिको बैंक सुरक्षण (Bank Guarantee) को सुनिश्चितता गर्नु पर्नेछ।

१४. उद्यमीको कर्तव्यः बिउ पूँजी प्राप्त गर्ने उद्यमीको देहाय बमोजिमको कर्तव्य हुनेछः-

(क) प्राप्त गरेको बिउपूँजी रकम उद्देश्य बमोजिम उद्यममा प्रयोग गर्ने,

(ख) सम्झौता बमोजिम बिउ पूँजी रकम फिर्ता गर्ने,

(ग) नियामक निकायबाट गरिने अनुगमनको क्रममा आवश्यक सूचना तथा तथ्याङ्क उपलब्ध गराउने,

(घ) आफूले गरेको उद्यमको प्रगति प्रतिवेदन अर्धवार्षिक रुपमा मन्त्रालयमा पेश गर्ने,

(ङ) मन्त्रालयले दिएको निर्देशनको पालना गर्ने।

१५. प्राथमिकता दिईनेः हालसम्म कुनै पनि सरकारी निकायबाट सहुलियतपूर्ण ऋण, अनुदान वा

प्रदेश सचिव

मा. इस्राईल मन्सुरी
मन्त्री

यस्तै सहयोग प्राप्त नगरेका स्टार्ट अप उद्यमलाई प्राथमिकता दिईने छ।

१६. **अनुगमन तथा प्रतिवेदनः**(१) बिउँपूजी प्राप्त गरेका स्टार्टअप उद्यमले सम्झौता अनुरूप गरे नगरेको सम्बन्धमा आवश्यकता अनुसार मन्त्रालयले अनुगमन गर्न सक्नेछ।

(२) बिउँपूजी प्राप्त गर्ने उद्यमले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीस दिन भित्र अनुसूची ६ बमोजिम प्रगति प्रतिवेदन मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ।

१७. **सम्झौता रद्द गर्न सकिने** : (१) देहायको अवस्थामा मन्त्रालयले छनोट भएको प्रस्तावकसँग गरेको सम्झौता रद्द गर्न सक्नेछ

(क) झुठ्ठा विवरण पेश गरेमा,

(ख) सन्तोषजनक कार्यसम्पादन नभएमा,

(ग) रकमको दुरुपयोग गरेमा

(२) उपदफा (१) बमोजिम सम्झौता रद्द गर्नुपूर्व सफाई पेश गर्ने उचित मौका दिईनेछ ।

(३) उपदफा (२) बमोजिम पेश भएको सफाई सन्तोषजनक नभएमा उपदफा (१) बमोजिम सम्झौता रद्द गर्न बाधा पर्ने छैन ।

(४) उपदफा (१) बमोजिम रकमको दुरुपयोग गरेको पाईएमा प्रचलित कानून बमोजिम सम्बन्धित उद्यमीबाट सरकारी बाँकी सरह असूल उपर गर्न कारबाहीको लागि मन्त्रालयले सम्बन्धित निकायमा लेखी पठाउनेछ ।

१८. **दोहोरापना नहुनेः** यस कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित बनाउन यस्तै प्रकृतिको बिउँपूजी संघीय वा स्थानीय तहबाट प्राप्त गरेका उद्यमीलाई दोहोरापना नहुने गरी कार्यान्वयन गर्नु पर्नेछ।

१९. **बाधा अड्काउ फुकाउनेः** यस कार्यविधिको कार्यान्वयमा कुनै बाधा अड्काउ परेमा प्रचलित कानूनको प्रतिकुल नहुने गरी मन्त्रालयले बाधा अड्काउ फुकाउन सक्नेछ।

२०. **प्रचलित कानून बमोजिम हुनेः** कार्यविधिमा उल्लेख भएको विषयमा कार्यविधि बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

**प्रदेश सचिव**

मा. इस्राईल मन्सुरी
मन्त्री

अनुसूची-१

(दफा ३ सँग सम्बन्धित)

स्टार्टअप बिउ पूँजी परिचालनका क्षेत्रहरू

(क) कृषि तथा पशुपन्छीजन्य उपजको प्रशोधन तथा बजारीकरणमा आधारित उद्यम,
(ख) उत्पादनमूलक उद्यम,
(ग) वन (जडीबुटी, वन पैदावार) मा आधारित उद्यम,
(घ) पर्यटन प्रवर्द्धन तथा मनोरञ्जन र अतिथि सत्कारसँग सम्बन्धित उद्यम,
(ङ) विज्ञान्, प्रविधि, सञ्चार तथा सूचना प्रविधिमा आधारित उद्यम,
(च) मानव स्वास्थ्य सेवासँग सम्बन्धित उद्यम,
(छ) शिक्षा तथा शिक्षण सिकाइसँग सम्बन्धित उद्यम,
(ज) सहज र सुरक्षित यातायात तथा पारवहन सेवासँग सम्बन्धित उद्यम,
(झ) पूर्वाधार निर्माण कार्यसँग सम्बन्धित उद्यम,
(ञ) विद्युतीय सवारी साधन तथा अटोमोबाइलसँग सम्बन्धित उद्यम,
(ट) परम्परागत तथा ग्रामीण प्रविधिसँग सम्बन्धित उद्यम,
(ठ) स्थानीय स्रोत तथा साधनमा आधारित उद्यम,
(ड) सार्वजनिक सेवा प्रवाह, उत्पादन तथा सेवा प्रक्रियामा सुधारसँग सम्बन्धित उद्यम,
(ड) खानी तथा खनिजको अनुसन्धान र विकाससँग सम्बन्धित उद्यम,
(ण) घरायसी वा दैनिक जीवनयापनलाई सरल, सहज, सुरक्षित बनाउन सहयोग पुग्नेप्रकृतिका कार्यसँग सम्बन्धित उद्यम,
(त) वस्तु वा सेवाको वितरण प्रणालीसँग सम्बन्धित उद्यम,
(थ) परम्परागत पेशा तथा उद्यमको पुनर्जागरणसँग सम्बन्धित उद्यम,
(द) खाद्य प्रविधि तथा पोषणसँग सम्बन्धित उद्यम,
(ध) फोहोरमैला व्यवस्थापनसँग सम्बन्धित उद्यम।

मा. इस्माईल मन्सुरी
मन्त्री

प्रदेश सचिव

## अनुसूची-२

### (दफा ६ को उपदफा (१) सँग सम्बन्धित)

### प्रस्ताव आव्हान सम्बन्धी सूचना

स्टार्टअप उद्यम बिउपूँजी परिचालन कार्यविधि, २०८२ को दफा ४ बमोजिमको योग्यता पुरा गरेका अनुसूची -१ बमोजिमको क्षेत्रमा नवीनतम ज्ञान, सोच, सीप र क्षमता भएका स्टार्टअप उद्यम बिउपूँजी लिन इच्छुक उद्यमीले यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र अनुसूची-३ बमोजिमको ढाँचामा परियोजना प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

मा. इस्राईल मन्सुरी
मन्त्री

प्रदेश सचिव

अनुसूची-३

(दफा ६ को उपदफा (२) सँग सम्बन्धित)

प्रस्तावको ढाँचा

क. परियोजना र प्रस्तावकको परिचयः

१. फर्म, कम्पनी वा उद्योगको विवरणः

- फर्म / कम्पनी / उद्योगको नामः- ..............................
- सुरु दर्ता भएको निकायः- ................................
- दर्ता मितिः- ....................दर्ता नम्बरः- .........................
- स्थायी लेखा नम्बरः- .......................
- कारोबार सुरू गर्न इजाजत आवश्यक पर्ने फर्म, कम्पनी वा उद्योगको हकमा इजाजत जारी गर्ने निकायः- ...................
- इजाजत प्राप्त मितिः- ............... इजाजत बहाल रहने अवधिः- ..................
- मुख्य कारोबार स्थल वा कार्यालय रहेको ठेगानाः प्रदेशः ............जिल्ला ............

गा.पा./न.पा./उ.म.न.पा./म.न.पा..........वार्ड नं. ...... टोल..........टेलिफोन नं,.......इमेल.........
वेबसाइटः

- प्रस्तावक (आधिकारिक प्रतिनिधिको नामथरः.....................................................................पद/दर्जा...............

टेलिफोन नं.:....................मोवाइल नं. –...................................इमेलः.......................

२. उद्यमीहरूको विवरण (सबै उद्यमीको विवरण भर्नुपर्नेछ)

| क.सं. | नाम | नागरिकता नं, जारी मिति र जिल्ला | स्थायी ठेगाना (प्रदेश, जिल्ला, पालिका, बडा नं., टोल) | हालको ठेगाना (प्रदेश, जिल्ला, पालिका, बडा नं., टोल) | मोबाइल नं. |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |

प्रदेश सचिव

मा. इस्माईल मन्सुरी
मन्त्री

ख. प्रस्तावित परियोजना सम्बन्धी विवरणः

१.परियोजनाको परिचय (दुई सय शब्दमा नबढ्ने गरी):- .............
२. परियोजनाको उद्देश्य (पचास शब्दमा नबढ्ने गरी):- ..............
३. उद्यमको क्षेत्र (दफा ३ सँग सम्बन्धित):- .......................

३. परियोजनाको कुल अनुमानित लागत रु. .......... हालसम्म परियोजनामा भएको खर्च रु .........

४. परियोजना विश्लेषणः

अ) स्टार्टअप उद्यमको रूपमा रहने आधार (दफा ४ अनुसारका मापदण्डसमेत सम्बन्धित सबैमा चिनो लगाउने):

(क) उद्यम स्थापना भएको मितिले दश वर्षः नाघेको/ ननाघेको

(ख) उद्यमको वार्षिक कारोबार कुनै आ.व.मा पन्द्र करोड रूपैयाँभन्दा बढीः भएको/ नभएको

(ग) कुनै वस्तु वा सेवाको उत्पादन वा वितरण प्रक्रियामा उपभोक्ताले भोग्दै आएको समस्यालाई समाधान गर्न नयाँ प्रविधिको उपयोग एवं सिर्जनशील सोचको प्रयोगः भएको/ नभएको

(घ) उद्यमीले हालसम्म गरेको स्वलगानी रु. ............

(ङ) स्टार्टअप उद्यम कर्जाका लागि माग गरिएको रकम रु. ...............

(च) गत आर्थिक वर्षको विक्री रकमः रू. ...........

(छ) कर्जा सूचना केन्द्रको कालोसूचीमाः रहेको/ नरहेको

(ज) प्रस्तावित परियोजनाको लागि नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट हालसम्म अन्य कुनै अनुदान वा सहुलियतः लिएको/ नलिएको

आ) परियोजना सञ्चालनबाट हुने नवप्रवर्तनीय कार्य (मिल्ने कुनै एकमा चिनो लगाउने):

(क) विद्यमान वस्तु उत्पादन वा सेवा प्रवाहको समग्र प्रणालीमा नवीन पद्धतिको विकास

(ख) विद्यमान वस्तु उत्पादन वा सेवा प्रवाहको खास क्षेत्रमा नवीन पद्धतिको विकास

(ग) विद्यमान वस्तु उत्पादन वा सेवा प्रवाहको कुनै प्रक्रियामा नवीन पद्धतिको विकास

त्यस्तो नवीन पद्धति सम्बन्धी संक्षिप्त विवरण (एकसय शब्दमा नबढ्ने गरी): ................

इ) आगामी एक वर्षको अवधिमा थप रोजगारी सिर्जनाको सम्भाव्य सङ्ख्याः .....

ई) परियोजनाबाट उत्पादित वस्तु वा सेवा विक्रीको बजार (कुनै एकमा चिनो लगाउने):

प्रदेश सचिव

मा. इस्राईल मन्सुरी
मन्त्री

स्वदेशी बजार, अन्तर्राष्ट्रिय बजार, स्वदेशी तथा अन्तर्राष्ट्रिय दुवै बजार

उ) परियोजनामा प्रयोग हुने प्रत्यक्ष कच्चापदार्थको स्रोत (कुनै एकमा चिनो लगाउने):

पूर्णरूपमा स्वदेशी, पूर्णरूपमा वैदेशिक, अधिकतम स्वदेशी, अधिकतम वैदेशिक

ऊ) प्रस्तावित परियोजनाको विषयक्षेत्रमा मुख्य उद्यमीको अनुभव:

अनुभव भएको: दुई वर्षभन्दा कम अनुभव भएको, दुई वर्ष वा सोभन्दा बढीको अनुभव भएको

ए) जोखिम विश्लेषण तथा व्यवस्थापन:

परियोजनाको जोखिम विश्लेषण कार्य गरिएको: छ छैन गरिएको छ भने जोखिमको विषय (पचास शब्दमा नवढ्ने गरी) ..................

जोखिम न्यूनीकरण तथा व्यवस्थापनको योजना (एक सय शब्दमा नबढ्ने गरी)।

ऐ) प्रस्तावित परियोजनाको कार्यान्वयनवाट वस्तु वा सेवा प्रवाहमा हुने सुधार (कुनै एकमा चिनो लगाउने)

विद्यमान वस्तु उत्पादन वा सेवा प्रवाहको गुणस्तर अभिवृद्धि हुने: हुन्छ/ हुँदैन

विद्यमान वस्तु उत्पादन वा सेवा प्रवाहको वित्तीय लागत घटाउने: घटाउँछ/घटाउँदैन

विद्यमान बस्तु उत्पादन वासेवा प्रवाहको समय घटाउने: घटाउँछ/घटाउँदैन

ओ) परियोजनाको:

सबल पक्ष (एक सय शब्दमा नबढ्ने गरी) ............

कमजोर पक्ष (एक सय शब्दमा नबढ्ने गरी) ...........

अवसर (एक सय शब्दमा नबढ्ने गरी):..........

चुनौती (एक सय शब्दमा नबढ्ने गरी):.............

औ) परियोजनाले वस्तु वा सेवा उत्पादन र विक्री आरम्भ गरेको मिति: ...............वा आरम्भ हुने अपेक्षित मिति:.............

अं) परियोजना मुनाफामा जाने अपेक्षित आर्थिक वर्ष: ....................

अ:) परियोजना स्थलमा पूर्वाधारको अवस्था (सम्बन्धित सबैमा चिनो लगाउने):

विद्युत, सडक, सञ्चार, खानेपानी, भवन अन्य (खुलाउने) :

माथि उल्लिखित विवरणहरू सही साँचो छन् र स्टार्टअप बिउपूजी रकम प्रवाह सम्बन्धी शर्त स्वीकार्य छ भनी प्रस्ताव पेश गर्नेको

नाम :

हस्ताक्षर :

प्रदेश सचिव

मा. इस्माईल मन्सुरी
मन्त्री

मिति
मोवाइल नं. :
इमेल
परियोजनाको छाप :

संलग्न गर्नुपर्ने कागजात

१. उद्योगको दर्ता र नवीकरण प्रमाणपत्रको प्रतिलिपि,
२. स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि,
३. अघिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन,
४. अघिल्लो आर्थिक वर्षको करचुक्ता प्रमाणपत्रको प्रतिलिपि,
५. फर्म, कम्पनी वा उद्योगको आधिकारिक प्रतिनिधिको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
६. कर्मचारी/कामदारको अघिल्लो आर्थिक वर्षको वार्षिक तलवी विवरण,
७. सूचना प्रविधि तथा नवप्रवर्तनको प्रयोग भएको पुष्टयाईं सहितको स्वःघोषणा
८. फर्म, कम्पनी वा उद्योगमा प्रयोग भएको कच्चापदार्थको खरिद विल बिजकको प्रतिलिपि
९. उद्योग कालो सूचीमा नपरेको, उद्योगले यस अघि सरकारी निकायबाट अनुदान नलिएको स्वघोषणा ।

मा. इस्माईल मन्सुरी
मन्त्री

प्रदेश सचिव

प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कोशी प्रदेश, नेपाल

## अनुसूची-४
(दफा ९ को उपदफा (१) सँग सम्बन्धित)
### प्रस्ताव मूल्याङ्कनको अङ्क गणना तालिका

| विषय वस्तु | पूर्णाङ्क | प्राप्ताङ्क |
|---|---|---|
| उद्यम वा नवीनतम सोचको हालको अवस्था | १० | |
| प्रविधिको प्रयोग | २० | |
| उद्योगको अघिल्लो आर्थिक वर्षको कारोबार | ५ | |
| परियोजनाबाट उत्पादित बस्तु वा सेवा विक्रीको बजारको सम्भावना क्षेत्र | ५ | |
| परियोजनामा प्रयोग हुने प्रत्यक्ष कच्चापदार्थको स्रोत | १० | |
| उद्यमीको क्रेडिट अप्राईज | १५ | |
| परियोजनाको लागि आवश्यक पूर्वाधारको उपलब्धता | १० | |
| जोखिम व्यवस्थापनका लागि अवलम्बन गरिएको उपाय | १० | |
| व्यावसायिक प्रस्तावको प्रस्तुतीकरण, छलफल र निष्कर्ष | ५ | |
| रोजगारीको अवस्था र प्रस्तावित रोजगारी | १० | |

प्रदेश सचिव

मा. इस्माईल मन्सुरी
मन्त्री

अनुसूची-५
(दफा ११ सँग सम्बन्धित)
द्विपक्षीय सम्झौताको ढाँचा
कोशी प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
बिराटनगर,नेपाल

## सम्झौतापत्र

स्टार्टअप उद्यमलाई बिउँपूजी परिचालन कार्यक्रमका लागि उद्योग, कृषि तथा सहकारी मन्त्रालय र ......... बीच मिति ............।।  मा सम्पन्न भएको सम्झौता

उद्योग, कृषि तथा सहकारी मन्त्रालय (यसपछि प्रथम पक्ष भनिने) र "........................." (यसपछि दोस्रो पक्ष) भनिने बीच "
स्टार्टअप उद्यमलाई बिउँपूजी परिचालन कार्यक्रम कार्यान्वयन गर्नको लागि देहाय बमोजिमको शर्तहरू पालना गर्ने गरी दुवै पक्षबाट हस्ताक्षर भएको मिति देखि यस सम्झौतामा उल्लेखित शर्तहरु लागू हुनेछन्।

१. प्रथम पक्षले मापदण्ड अनुरूप अधिकतम बिउँपूजी रकम रू. ....................(अक्षेरूपी ............................. मात्र) ननाघ्ने गरी दोस्रो पक्षलाई अधिकतम ....... किस्तामा रकम उपलब्ध गराउन सक्नेछ।
२. सम्झौता सम्पन्न भए पश्चात् पन्ध्र दिनभित्र सम्झौता बमोजिम काम शुरू गरि सक्नु पर्नेछ।
३. सम्झौता सम्पन्न भए पश्चात पहिलो पक्षले आफुले प्रस्ताब गरेको परियोजना अनुसार पहिलो किस्ता भुक्तानीका लागि मन्त्रालयमा निवेदन पेश गर्नु पर्नेछ। मन्त्रालयले जाँचबुझ गर्दा पेश गरे बमोजिमको विवरण अनुसार पहिलो किस्ता वापतको रकम निकासा गर्नेछ।
४. पहिलो किस्ता बापतको रकम निकासा पश्चात सम्झौता अवधिभरमा ब्यवसायिक योजना अनुसारको पचास प्रतिशत काम सम्पन्न गरे पश्चात कार्यसम्पन्न गरेको प्रमाण, मापदण्ड बमोजिम तोकिएका कागजातहरु पेश गरी दोस्रो किस्ता रकम मागका लागि मन्त्रालय समक्ष निवेदन पेश गर्नु पर्नेछ। सम्बन्धित स्थानीय तहको सिफारिस पत्र, बिल भर्पाई लगायतका अन्य पुष्टी हुने प्रमाणहरू पेश नभएमा पहिलो पक्षले रकम भुक्तानी गर्ने छैन।

प्रदेश सचिव
मा. इस्माईल मन्सुरी
मन्त्री

प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कोशी प्रदेश, नेपाल

५. पहिलो पक्षले दोश्रो पक्षलाई पहिलो र दोश्रो किस्ता बापतको बिउँपूजी रकम कार्यविधिमा उल्लेखित कागजात एवं प्रमाणहरु पेश भएपछि एकमुष्ठ वा क्रमशः रकम उपलब्ध गराउनेछ।

६. दोश्रो पक्षले पहिलो पक्षसंग पहिलो किस्ता बापत बिस प्रतिशत र दोश्रो किस्ताबाफत बाँकी रकम माग गर्दा स्पष्ट खुल्ने गरी कारोबारको विवरण वा सम्पादन भएको कार्यप्रगतिको लगत अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

७. सम्झौता भएको दिनबाट १५ दिनभित्र दोश्रो पक्षले कार्यक्रमबाट लाभान्वित समुदाय र अन्य सरोकारवालाहरूले देखे गरी प्रथम पक्षले उपलब्ध गराएको सूचना पाटी राख्नु पर्नेछ।

८. कार्यक्रमलाई तोकिएको समयमा नै सम्पन्न गर्ने सम्पूर्ण जिम्मेवारी दोश्रो पक्षको हुनेछ।

९. यस सम्झौतामा उल्लेखित व्यवस्थाहरुमा कुनै संशोधन गर्नु परेमा दुवै पक्षको आपसी सहमतिमा मात्र संशोधन हुनेछ।

१०. दोस्रो पक्षले प्रस्तावमा उल्लेख गरेको भन्दा अन्यत्र बिउँपूजी रकम खर्च वा लगानी गर्न पाउने छैन।

११. कार्यक्रमका लागि प्रदान गरिने बिउँपूजीको सही सदुपयोग, सन्तोषजनक प्रगति लगायतका अन्य प्रतिवेदनको आधारमा अनुदानको निकासा दिइनेछ।

१२. कार्यक्रम अवधि वा सो पश्चात प्रथम पक्ष वा प्रथम पक्षले तोकेको निकाय वा व्यक्तिलाई प्रथम पक्षको आवश्यकता अनुरूप दोस्रो पक्षले कार्यक्रमको स्थल तथा व्यवसायिक क्षेत्रको निर्वाध रूपमा निरीक्षण गर्न दिनु पर्नेछ।

१३. दोस्रो पक्षको बैङ्क खाता विवरण निम्न बमोजिम हुनेछ। यदि कार्यक्रम सञ्चालन अवधिमा यी विवरणंहरूमा कुनै परिवर्तन हुन गएको हकमा प्रथम पक्षलाई तत्काल लिखित जानकारी गराउनु पर्नेछ।

| |
|---|
| बैंकको नाम तथा शाखाः |
| बैंक खाताको नामः |
| बैंक खाता नं. |
| बैंक खाताको किसिमः |
| खाता सञ्चालकको नामः |
| पदः |

१४. बिउँपूजी रकम प्राप्त गरी खरिद गरिएका मेशिन औजार लगायतका उपकरण विक्री वितरण गर्न पाइने छैन। साथै उपकरण तथा मेशिनरी सामानको ढुवानी खर्च बापतको रकम

प्रदेश सचिव

डा. इस्माईल मन्सुरी
मन्त्री

उद्योगी स्वयमले लगानी गर्नुपर्नेछ। लागग्राही उद्यमीले खरिद गरिएका सम्पुर्ण मेशिन औजारहरुको बिमा गराई भुक्तानीका बखत मन्त्रालयमा पेश गर्नुपर्नेछ।

१५. यस सम्झौतामा उल्लेख नभएको विषय यसै कार्यविधि र प्रचलित प्रदेश कानून बमोजिम हुनेछ ।

१६. देहायको अवस्थामा प्रथम पक्षले यो सम्झौता रद्द गर्न सक्नेछः-

(क) दोस्रो पक्षले पेश गरेको प्रस्ताव बमोजिमको उद्योग सञ्चालनको कार्यक्रम सही ढंगले सञ्चालन नगरेमा,

(ख) दोस्रो पक्षले झुठ्ठा विवरण पेश गरेमा,

(ग) दोस्रो पक्षले अनुगमन तथा मूल्याङ्कन प्रतिवेदनबाट प्राप्त पृष्ठपोषणका आधारमा मन्त्रालयले दिएको सुझाव वा निर्देशनलाई पालना नगरेमा,

(घ) दोस्रो पक्षले रकमको दुरुपयोग गरेमा वा सम्झौता विपरितको काम गरेमा,

१७. सम्झौता रद्द गरिएमा प्रथम पक्षले दोश्रो पक्ष उपर कारबाही प्रकृया बढाउन सक्नेछ।

| | |
|---|---|
| दोस्रो पक्षको तर्फबाट आधिकारीक हस्ताक्षर<br>हस्ताक्षर ....................................<br>नामः<br>पदः<br>उद्योगः<br>ठेगानाः<br>छापः | प्रथम पक्षको तर्फबाट आधिकारीक हस्ताक्षर<br>हस्ताक्षर .................................<br>नामः<br>पदः<br>छापः |
| मितिः | मितिः |
| साक्षीहरू | |
| हस्ताक्षर<br>नामः<br>पदः<br>ठेगानाः | हस्ताक्षर<br>नामः<br>पदः |

प्रदेश सचिव

मा. इस्माईल मन्सुरी
मन्त्री

प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कोशी प्रदेश, नेपाल

अनुसूची-६

(दफा १६ को उपदफा (२) सँग सम्बन्धित)

उद्यमीले पेश गर्नुपर्ने वार्षिक प्रगति प्रतिवेदनको ढाँचा

१) स्टार्टअप उद्यममा भएको प्रगति,

..........................................................................

२) सञ्चालनको अवस्था,

..........................................................................

३) सञ्चालनमा भएको कठिनाई,

..........................................................................

४) सम्बद्ध सरकारी निकाय र अन्य क्षेत्रबाट अपेक्षा गरेको सहयोग

..........................................................................

प्रदेश सचिव

मा. इस्राईल मन्सुरी
मन्त्री